SOS CHILDREN'S VILLAGES

# सूची दर्ता गर्ने सम्बन्धी सूचना

प्रकाशन मितिः २०८२/११/६

यस एसओएस बालग्राम सुर्खेतका लागि चालु आर्थिक वर्ष सन् २०२६ (बि.सं.२०८२/८३) मा आवश्यक पर्ने तपसिलमा उल्लेखित सामग्री तथा सेवाहरु खरिद तथा आपूर्तिका लागि सम्बन्धित व्यापार, व्यवसाय, वा कारोवार गर्न स्वीकृत प्राप्त तथा इच्छुक विक्रेता/कम्पनी/सप्लायर्स/फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयको खरिद शाखामा सूची दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ । आफूले सूचि दर्ता गर्न चाहेको सामग्री वा सेवाहरुको सूची दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा, बिदा समाप्त भएको भोलीपल्ट कार्यालय खुलेको दिन निर्धारित समयमा आवेदन बुझाउन सकिनेछ । म्याद नाघि आएको वा रित नपुगेको निवेदन माथि कारबाही गरिने छैन ।

**क. सूची दर्ता गर्नू पर्ने समूहहरु :**

- **खाद्यन्नका सामग्रीहरुः** चामल, दाल, चिनी, तेल, मसला आदि ।
- **शैक्षिक तथा कार्यालय सामग्रीहरुः** छपाई, स्टेशनरी तथा खेलकुद सामग्री ।
- **घरायसी सामानहरुः** भाँडावर्तन, प्लास्टिकका सामान, सरसफाइका सामान ।
- **फर्निचरः** कार्यालय तथा आवासीय घरमा आवश्यक पर्ने फर्निचर तथा फर्निसिङ ।
- **कपडाजन्य सामानहरुः** कपडा, झोला, विद्यालय पोशाक, जुत्ता तथा अन्य कपडाजन्य सामग्री ।
- **रंगरोगनः** रंग तथा यस सम्बन्धी सामग्री ।
- **विधुतिय उपकरणहरुः** बिजुली बत्ती, उपकरण, एसेसोरिज तथा कम्प्युटर सम्बन्धी सामग्री ।
- **भवन निर्माण सम्वन्धी सामग्रीहरुः** सिमेन्ट, सरिया, गिट्टी, बालुवा तथा अन्य निर्माण सामग्री ।
- **सवारी साधनः** सवारी साधन मर्मत र पार्टपूर्जा आपूर्ति ।
- **औषधोपचारः** औषधी तथा ल्याब सम्बन्धी सामग्री तथा उपकरण ।

**ख. सूचि दर्ताको लागि निवेदनकासाथ पेश गर्नुपर्ने कागजातहरु**

- फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण सहित ।
- फर्म वा कम्पनी धनीको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- उद्योग विभाग वा कम्पनी रजिस्ट्रारको कार्यालयबाट प्रदान गरिएको व्यवसाय इजाजतपत्रको प्रतिलिपि ।
- आ.व.२०८१/२०८२ सम्मको कर चूक्ता प्रमाणपत्र ।
- स्थायी लेखा नम्वर (PAN) वा मूल्य अभिवृद्धिकर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कार्यदक्षताको अनूभव सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि ।
- विक्री गर्ने प्रमूख वस्तु वा सेवाहरुको सूची तथा विवरण ।

सूचिकृत भएका कम्पनी वा फर्महरुले सन्तोषजनक सेवा तथा समयमा गुणस्तरिय सामान आपूर्ति नगरेको खण्डमा सूचीबाट बिना सूचना नाम हटाउन सकिनेछ । यस उपर कुनै दाबी गर्न पाईने छैन ।

***नोट :***

- माथिका बूँदाहरुमा जुन सुकै कुरा उल्लेख भएतापनि कुनै फर्म वा बिक्रेतालाई सूचिकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।
- पहिलै सूचिकृत भइसकेका व्यक्ति, संस्था, फर्म आदिले आ.व.२०८१/२०८२ सम्मको कर चूक्ताको प्रमाणपत्र पेश गरि सूचीमा आफ्नो नाम अधावधिक गर्न सक्ने छ ।
- यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस संस्थाको फोन नं **०८३-५२०३६६** मा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ ।
- सूचिकरणको निवेदन फारम संस्थाको कार्यालयबाट उपलब्ध गराइने छ ।

**एसओएस बालग्राम सुर्खेत**
**वीरेन्द्रनगर-४, सुर्खेत कर्णाली प्रदेश**